# संस्थागत विद्यालय छात्रवृत्ति वितरण कार्यविधि २०६९

संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थी सङ्ख्याको कम्तीमा १० प्रतिशतमा नघटने गरी जेहेन्दार विपन्न, अपाङ्ग, महिला, दलित, जनजाति आदि विद्यार्थीहरूलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्ने व्यवस्था शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०५९ मा गरिएको छ । यस छात्रवृत्तिलाई पारदर्शी एवम् व्यवस्थित रूपमा वितरण गर्न "संस्थागत विद्यालय मापदण्ड तथा सञ्चालन निर्देशिका २०६९" निर्देशिकामा समेत व्यवस्था भएको सर्व विदितै छ । छात्रवृत्ति वितरण प्रक्रियालाई अझ सरल सहज बनाउदै निश्चित मापदण्ड तथा जिम्मेवारी तोकी सरोकारवालाहरूलाई सुशासनको प्रत्याभूति प्रदान गर्न यो कार्यविधि तयार गरिएको छ ।

१. शिक्षा विभागले शैक्षिक सत्र २०६९ को शैक्षिक *तथ्याङ्क* (Flash I) को आधारमा संस्थागत विद्यालयको पहिचान गर्नु पर्नेछ ।

२. शैक्षिक सत्र शुरु हुनुभन्दा एक महिना अगावै शिक्षा विभागले १०% छात्रवृत्तिमा अध्ययन गर्न इच्छुक विद्यार्थी/अभिभावकहरूले सम्बन्धित विद्यालयमा दरखास्त पेश गर्न २५ दिनको म्याद राखी सार्वजनिक सूचना प्रकासन गर्ने । यस शैक्षिक सत्र २०७० को लागि १५ दिनको म्याद राखी सार्वजनिक सूचना प्रकासन गर्ने । हिमाली जिल्लाको सन्दर्भमा अध्ययनरत विद्यार्थीहरूबाटै उल्लेखित आधारमा आवश्यक प्रक्रिया पुर्‍याई छात्रवृत्ति प्रदान गर्नु पर्नेछ ।

३. छात्रवृत्तिको लागि निवेदन दिने विद्यार्थीहरूले सम्बन्धित विद्यालयमा निवेदन दिनुपर्नेछ । विपन्नताको हकमा सम्बन्धित गा.वि.स./न.पा. को सिफारिस अनिवार्य रूपमा पेश गर्नु पर्नेछ ।

४. विद्यार्थीको स्थायी ठेगाना भएको क्षेत्र अन्तर्गतका विद्यालयको अतिरिक्त तल उल्लेखित जिल्लाहरूमा पनि छात्रवृत्तिको लागि तोकिएका विकास क्षेत्रका विद्यार्थीहरूले निवेदन दिन सक्नेछन् ।

| **निवेदन दिन सक्ने जिल्लाहरू** | **विद्यार्थीको बसोबास भएको क्षेत्र** |
|---|---|
| ललितपुर | मध्यपश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चल |
| काठमाडौं | पश्चिमाञ्चल र पूर्वाञ्चल |

५. विद्यालयमा छात्रवृत्तिको लागि निवेदन दिएका विद्यार्थीहरूको जिल्ला शिक्षा कार्यालयको निर्देशन अनुसार विद्यालयमा शिक्षा ऐन २०२८ को दफा १६ ञ बमोजिम गठन गरेको छात्रवृत्ति छनोट समितिले आवश्यकतानुसार लिखित परीक्षा तथा अन्तर्वार्ता सञ्चालन गरी छात्रवृत्तिको लागि योग्यताक्रमको आधारमा विद्यार्थीको सूची तयार गर्नु पर्नेछ ।

६. विद्यालयले छात्रवृत्तिको लागि सूचीमा छनोट भएका विद्यार्थी मध्ये ६६% छात्रवृत्ति विद्यार्थीलाई उपलब्ध गराई बाँकी ३४% कोटाको लागि जिल्ला छात्रवृत्ति बैंकबाट उपलब्ध गराउन कोटाभन्दा ५०% बढी विद्यार्थीका नामावली निवेदन सहित जि.शि.का.मा पेश गर्नु पर्नेछ ।

७. जि.शि.का.ले पूर्ण आवासीय छात्रवृत्ति, आंशिक आवासीय छात्रवृत्ति, पूर्ण निःशुल्क छात्रवृत्ति र मासिक निःशुल्क छात्रवृत्तिको लागि निम्नलिखित आधार लिन सकिने छ ।

(क) पूर्ण आवासीय छात्रवृत्ति : आवास, भोजन, अध्ययन शुल्क, पाठ्यपुस्तक एवम् विद्यालयले लिने सम्पूर्ण शुल्क मिनाहा

(ख) आंशिक आवासीय छात्रवृत्तिः विहानको भोजनको व्यवस्था र यातायातका साथै सबै

| | |
|---|---|
| | किसिमका शुल्कहरूको मिनाहा |
| (ग) पूर्ण निःशुल्क छात्रवृत्ति : | भर्ना, परीक्षा, यातायात, मासिक तथा विद्यालयले लिने सबै शुल्क मिनाहा |
| (घ) मासिक निःशुल्क छात्रवृत्तिः | मासिक शिक्षण शुल्क तथा यातायात मिनाहा |

८. जिल्ला शिक्षा कार्यालयले निम्नानुसारको छात्रवृत्ति वितरण उपसमिति गठन गरी सो को सिफारिस बमोजिम ३४% छात्रवृत्तिको लागि विद्यालयमा सिफारिस गरि पठाउनु पर्नेछ ।

| | | |
|---|---|---|
| (क) | जि.शि.का. का संस्थागत विद्यालय प्रशासन हेर्ने उप सचिव वा शाखा अधिकृत | संयोजक |
| (ख) | निजी तथा आवासीय विद्यालय संगठन र राष्ट्रिय निजी तथा आवासीय विद्यालय संगठनका प्रतिनीधि २ जना | सदस्य |
| (ग) | अभिभावक सङ्घहरू मध्येबाट जि.शि.अ. बाट मनोनित २ जना | सदस्य |
| (घ) | जि.शि.का.का योजना तथा कार्यक्रम वा परीक्षा हेर्ने उप सचिव/शा.अ. मध्ये जि.शि.अ. ले तोकेको १ जना | सदस्य |
| (ङ) | जि.शि.अ.ले तोकेको विद्यालय निरीक्षक १ जना | सदस्य सचिव |

९. विद्यालयबाट प्राप्त नामावली छानविन गरी उक्त समितिले योग्यताक्रम र विद्यार्थीको निवेदनको आधारमा छनोट गर्नु पर्नेछ र यसरी छनोट गर्दा आर्थिक तथा सामाजिक दृष्टिकोणले पछि परेका विद्यार्थीमध्ये १ गा.वि.स.बाट बढीमा २ जना ननाघ्ने गरी छात्रवृत्तिमा अध्ययनको लागि जि.शि.का ले सिफारिस गरी विद्यालयमा पठाउनु पर्नेछ ।

१०. छात्रवृत्ति उपलब्ध गराउने सन्दर्भमा प्रति महिनाको मासिक शिक्षण शुल्क तथा स्थानीय परिवहन शुल्क मिनाहालाई आधार मानी एक पूर्ण आवासीय छात्रवृत्ति बराबर २ आंशिक आवासीय छात्रवृत्ति, एक पूर्ण आवासीय छात्रवृत्ति बरावर ४ पूर्ण निःशुल्क छात्रवृत्ति र एक पूर्ण आवासीय छात्रवृत्ति बरावर ६ मासिक शुल्क छात्रवृत्तिको रुपमा गणना गर्नु पर्नेछ ।

११. शैक्षिक सत्रको पहिलो महिनाभित्र नै छात्रवृत्ति वितरणको लागि विद्यार्थी छनोट गर्ने कार्य सम्पन्न गर्नु पर्नेछ ।

१२. विद्यालय छोडेका कारणले वा अन्य कारणले छात्रवृत्तिको कोटा रिक्त भएमा विद्यालय तर्फ वा जिल्ला छात्रवृत्ति बैंक तर्फ मध्ये जुन रिक्त हो सो कोटाको प्रक्रिया बमोजिम पूरा गर्नु पर्नेछ ।

१३. छात्रवृत्ति पाउने विद्यार्थीहरूको नामावली अनिवार्य रुपमा सार्वजनिक गर्नुपर्ने छ र विद्यालयको सूचना पाटीमा टाँस गर्नु पर्नेछ ।

१४. एक पटक छात्रवृत्ति पाउने विद्यार्थीलाई तह पुरा नभएसम्म छात्रवृत्ति दिनुपर्ने छ । यदि कुनै कक्षामा अनुर्तीण भएमा छात्रवृत्तिको सुविधा प्रदान गरिने छैन ।

१५. विद्यालयले शैक्षिक सत्र शुरु भएको २ महिनाभित्र विद्यार्थीको नाम, कक्षा, छात्रवृत्तिको किसिम उल्लेख गरी जि.शि.का. मा विवरण पठाउनु पर्नेछ ।

१६. जिल्ला शिक्षा कार्यालयले विद्यालयको नाम, छात्रवृत्ति पाउने विद्यार्थी सङ्ख्या र छात्रवृत्तिको किसिम उल्लेख गरी शैक्षिक सत्र शुरु भएको तेश्रो महिनाभित्र जि.शि.का.को वेभ साइटमा राख्नुपर्ने छ र क्षे.शि.नि. सहित शिक्षा विभागमा विवरण पठाउनु पर्नेछ ।

१७. संस्थागत विद्यालयबाट प्रदान गरिने छात्रवृत्ति वितरणको अनुगमन जि.शि.का.मा गठित छात्रवृत्ति उपसमिति र जि.शि.का.ले गरी त्यसको प्रतिवेदन क्षे.शि.नि. र शिक्षा विभागमा पठाउनु पर्नेछ ।

१८. दरखास्त फाराम संस्थागत विद्यालय मापदण्ड तथा सञ्चालन निर्देशिका २०६९ को अनुसूची ४ बमोजिम हुनेछ ।